# मानननीय मन्त्री विन्दु कुमार थापाज्यूको पद वहाली पश्चात हालसम्म (१०० दिन) समाजिक विकास तथा स्वास्थ्य मन्त्रालय (सामाजिक विकास तर्फ) बाट सम्पादित मुख्य मुख्य कार्यक्रमहरूको उपलब्धी विवरणः

**पदभार ग्रहण मितिः २०८१ जेष्ठ १६ गते**

## शिक्षा क्षेत्रः

१) औद्योगिक क्षेत्रमा पेशागत जनशक्ति भएका तह र हालसम्म राष्ट्रिय सीप प्रमाणिका नभएका सीप परिक्षणका नयाँ क्षेत्र पहिचान गर्ने उद्देश्यले आतिथ्य उद्योग, अटोमोवाइल, इन्जिनियरिङ, कृषि निर्माण, पेशागत गरिएको।

२) माध्यमिक शिक्षा (कक्षा ९-१०) मा अनिवार्य विषयको पाठ्यक्रमले समेटन नसकेका सिकाइका क्षेत्रहरू प्रदेशको भौगोलिक विशेषता, आकस्मिक चिकित्सा सेवा, आत्मसुरक्षा, विपद व्यवस्थापन एवं वातावरण संरक्षण जस्ता विषयहरूलाई समेटी ऐच्छिक विषयको रुपमा पठनपाठनका लागि पाठ्यक्रम निर्माण गरिएको।

३) प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका विद्यालयहरूको प्रयोगशाला एवम् उपकरणहरूको उचित व्यवस्थाका लागि १० वटा विद्यालयहरूलाई अनुदान उपलव्ध गराइएको।

४) प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका २५ वटा विद्यालयहरूमा सिक्दै कमाउँदै, कमाउँदै सिक्दै कार्यक्रम सञ्चालनका लागि अनुदान उपलव्ध गराइएको।

५) STEM ल्याब स्थापना गरी प्रारम्भिक तहदेखि नै गणित, विज्ञान, प्रविधि एवम् इञ्जिनियरिङसँग सम्बन्धित विषयमा विद्यार्थीहरूमा रुची, सहभागिता र क्षमता विकास गर्न ३० वटा माध्यमिक विद्यालयमा लागि अनुदान उपलव्ध गराइएको।

६) शिक्षा विकास तथा समन्वय इकाई, स्थानीय तह शिक्षा युवा तथा खेलकुद महाशाखा/शाखामा कार्यरत जनशक्तिलाई विद्यालय स्तरीकरण सूचक, २०८१ र Friday For future कार्यक्रम कार्यान्वयन निर्देशिका सम्बन्धमा अभिमुखिकरण गरिएको।

७) अनौपचारिक क्षेत्रमा कार्यरत १३३ जना जनशक्तिहरूका लागि तह १ र तह २ उत्तीर्ण सीप परिक्षण प्रमाणपत्र वितरण गरिएको।

८) गण्डकी प्राविधिक शिक्षालय निर्माण स्थलको वातावरणीय प्रभाव मूल्याल्याङ्कन प्रतिवेदन स्वीकृत भएको र गण्डकी प्राविधिक शिक्षालयको प्रशासनिक तथा स्टाफ क्वार्टर निर्माणको ठेक्का आव्हान गरिएको।

९) कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (KOICA) नेपाल कार्यालयका Country Director सहितको प्रतिनिधि मण्डल मार्फत गण्डकी प्राविधिक शिक्षालय निर्माण स्थलको भ्रमण भएको र माननीय सामाजिक विकास तथा स्वास्थ्य मन्त्री ज्यूको उपस्थितिमा भएको बैठकमा अगष्ट २०२४ मा गण्डकी प्राविधिक शिक्षालय निर्माण तथा सञ्चालन परियोजनामा सहयोगको लागि सम्झौता गर्ने प्रतिवद्धता जाहेर भएको।

१०) सामुदायिक विद्यालयमा कार्यरत ४२ जना शिक्षकहरूको लागि मनोसामाजिक परामर्श तालिम सञ्चालन गरिएको।

११) शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयमा कार्यरत ३४३ जना शिक्षकहरूका लागि ३९० कार्यघण्टे लामो अवधिको शिक्षक पेशागत तालिम प्रदान गरिएको।

## भाषा, संस्कृति, पुरातत्त्व क्षेत्रः

१२) गण्डकी प्रज्ञा-प्रतिष्ठान मार्फत् कला, साहित्य, संगीत, सस्कृति र भाषाको बृत्ति-बिकास, प्रवर्द्धन, संवर्द्धनको क्षेत्रमा प्रदेशमा अवस्थित जातीहरूको सामाजिक, साँस्कृतिक बिषयमा अनुसन्धान, स्रस्टाहरूको बायोग्राफ़ी निर्माण, लोपोन्मुख अवस्थामा रहेका संस्कृतिहरूको डकुमेन्ट्रि निर्माण तथा प्रचार, अभिलेख राख्ने र पुस्ताहस्तान्तरण गर्ने उद्देश्यले विभिन्न कार्यक्रम गरिएको।

१३) संग्रहालयमा संग्रहित सामाग्रिहरूको व्यवस्थित रुपमा प्रदर्शनीको लागि आवश्यक पूर्वाधार, संग्रहालयको प्रदर्शनी कक्षमा विभिन्न जातिको संस्कृति झल्काउने डमि (प्रतिकृति) निर्माण र गण्डकी प्रदेशको संस्कृति झल्काउने टक शो कार्यक्रम सञ्चालन गरिएको।

१४) मनकामना क्षेत्रको सञ्चालन, संरक्षण, विकास, एवम् प्रवर्द्धन गर्ने उद्देश्यले मनकामना क्षेत्र विकास समिति गठन आदेश, २०८१ जारी गरी समितिको अध्यक्ष एवम् सदस्यहरूको नियुक्ति गरिएको र कार्यकारी निर्देशक नियुक्तिको प्रक्रियामा रहेको।

## श्रम तथा रोजगारः

१५) आन्तरिक रोजगारीको प्रवर्द्धन, प्रदेश र स्थानीय तह वीचको अन्तर सम्बन्ध अभिबृद्धि एवम् वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउन तनहुँ, गोरखा र लमजुङ जिल्लामा कार्यरत स्थानीय तहका ३५ जना रोजगार संयोजकहरूलाई रोजगार सेवा सम्बन्धी अनुशिक्षण तथा अभिमुखिकरण गरिएको।

१६) विभिन्न पेशा व्यवसाय गर्न चाहेका व्यक्तिहरूलाई नयाँ सीपमुलक क्षेत्रको पहिचान गरी स्वरोजगार बनाउने उद्देश्यले विभिन्न व्यवसायिक तथा सीपमुलक तालिम सञ्चालनको लागि मापदण्ड निर्माण गरिएको।

## ऐन, नियमावली, निर्देशिका, कार्यविधि तथा मापदण्ड निर्माणः

१७) गण्डकी प्रदेशमा सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षालाई मर्यादित, व्यवस्थित र अनुशासित रुपमा सञ्चालन एवं एकरुपकता कायम गर्न माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०८१ निर्माण गरिएको।

१८) चालु आ.व. २०८१/०८२ मा मन्त्रालय र मातहतका कार्यालयले कार्यान्वयन गर्ने वार्षिक विकास कार्यक्रमहरू व्यवस्थित एवम् प्रभावकारी रुपमा सञ्चालन तथा कार्यान्वयनमा एकरुपता कायम गर्न कार्यान्वयन मापदण्ड निर्माण गरिएको।

१९) विद्यार्थीहरूमा अन्तरनिहित प्रतिभाहरूको प्रष्फुटन, रैथानै एवम् जीवनोपयोगी ज्ञान र सीपको विकास गरी भविष्यको तयारीका लागि सहयोग पुऱ्याउन Friday for Future कार्यक्रम सञ्चालन निर्देशिका निर्माण गरिएको।

२०) नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार गोरखा जिल्ला स्थित मनकामना क्षेत्रको सञ्चालन, संरक्षण, विकास, एवम् प्रवर्द्धनको दायित्व गण्डकी प्रदेश सरकारमा हस्तान्तरण भए बमोजिम उक्त क्षेत्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कानून मनकामना क्षेत्र विकास समिति गठन आदेश, २०८१ जारी गरिएको।

२१) गण्डकी प्रदेश खेलकुद पदक स्थापना तथा सञ्चालन कार्यविधि २०८१ एवं खेलाडी कल्याण कोषको स्थापना र सञ्चालन सम्वन्धी कार्यविधि २०८१ का मस्यौदा निर्माण गरी स्वीकृतिको प्रक्रिया अगाढी बढाईको।

२२) अपाङ्गता सम्बन्धी प्रदेशस्तरीय निर्देशन समिति गठन कार्यविधि २०७७ मा (पहिलो संशोधन) गरिएको।

२३) शिशु स्याहार केन्द्र स्थापना तथा सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८१ स्वीकृत भएको।

२४) खेल संघ दर्ता, नविकरण तथा संचालन सम्वन्धी मापदण्ड, २०८१ स्विकृत भएको।

२५) गण्डकी प्रदेशमा सञ्चालनमा भएका विभिन्न प्रकृतिका संग्रहालयहरूलाई कानूनी दायरामा ल्याई आवस्यकता र औचित्यका आधारमा नियमन, प्रोत्साहन र सञ्चालनमा टेवा पुर्‍याउन प्रदेश संग्रहालय नीति, २०८१ को मस्यौदा निर्माण गरी स्वीकृतिको प्रक्रियामा रहेको।

२६) भाषा आयोगको सीफारिस बमोजिम मगर र गुरुङ भाषालाई गण्डकी प्रदेशको सरकारी कामकाजको भाषाका रुपमा कार्यान्वयनमा ल्याउन कानून निर्माण प्रक्रिया अगाडि वढाइएको।

## युवा तथा खेलकुद क्षेत्रः

२७) प्रदेशका विभिन्न क्षेत्र अनुसन्धान सामाजिक सेवा, कृषि, नवप्रवर्तन, नेतृत्व विकास लगायतका क्षेत्रमा योगदान गरेका १३ जना युवा र विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागि भई राष्ट्र तथा प्रदेशको गौरव राख्न सफल २१ जना खेलाडी तथा प्रशिक्षकहरूलाई पुरस्कार तथा सम्मान गरिएको।

२८) खेलकुद प्रतियोगिता आयोजना तथा दैनिक खेलकुदका गतिविधिहरू सञ्चालन प्रोत्साहित गर्न युवाक्लब तथा खेलकुद सम्बन्धी संस्थाहरूलाई खेलकुद सामग्री विरतण गरिएको।

२९) खेलकुद विकास सम्बन्धी कार्यक्रमहरूलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने उदेश्यले स्थानीय तह खेलकुद विकास समिति, जिल्ला खेलकुद विकास समिति, खेल संघका पदाधिकारी तथा सरोकारवालाहरूसंगको छलफल/अन्तरक्रिया कार्यक्रम ९ जिल्लामा सम्पन्न गरिएको।

३०) यू-१५ विद्यालय खेलकुद प्रतियोगिता २०८०, केन्द्र स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८१, अन्तर प्रदेश राष्ट्रिय खेलकुद प्रतियोगिता-२०८० मा गण्डकी प्रदेशको तर्फबाट सहभागी भई उत्कृष्ट प्रदर्शन गरी पदक प्राप्त गरेका खेलाडीहरूलाई नगद सहित सम्मान गरिएको।

३१) कर्णाली प्रदेशमा मिति २०८१ मंसिर २ गते देखि ९ गतेसम्म आयोजना हुने दशौं राष्ट्रिय खेलकुद प्रतियोगितामा गण्डकी प्रदेशको उत्कृष्ट नतिजा प्राप्तिको लागि खेलाडीहरूको दर्ता, पहिचान र प्रशिक्षण कार्य शुरु गरिएको।

३२) १२० जना महिलाहरूका लागि आत्मरक्षा सम्वन्धी तालिम सञ्चालन गरी आफनो सुरक्षा आफै गर्ने क्षमता विकास गरिएको।

३३) सामुदायिक विधालयमा सञ्चालन हुने विभिन्न खेलकुद कार्यक्रहरूलाई व्यवस्थित एवं प्रभावकारी रुपमा सञ्चालन र क्षमता विकास गर्ने उद्देश्यले १६० जना खेल शिक्षकहरूका लागि तालिम संचालन गरिएको।

३४) लागु औषध दुर्व्यसन नियन्त्रण तथा न्युनिकरण गर्ने उद्देश्यले मिडिया र लागु औषध दुर्व्यसनको क्षेत्रमा कामगर्ने संघ संस्थाहरूसँग समन्य गर्दै म्याग्दी, बागलुङ, पर्वत, स्याङ्जा, कास्की र तनहुँमा सरोकारवालाहरू बीच अन्तरक्रिया कार्यक्रर्म गरिएको।

## सामाजिक विकास क्षेत्रः

३५) द्वन्द्वपिडित बेपत्ता, घाईते, अपाङ्ग, शहिद परिवार र विपन्न महिलाहरूको उद्यम, व्यवसाय तथा रोजगारी प्रवर्द्धनमूलक कार्यक्रमबाट विभिन्न जिल्लाका ३६ जना द्वन्द्व पीडितहरूको उद्यम व्यावसाय प्रवर्द्धनमा सहयोग गरिएको।

३६) विगतमा गठन भई पदावधि समाप्त भएका प्रदेश बाल परिषद् र जिल्ला बाल अधिकार समितिहरू पुनर्गठन गरिएको।

३७) सकारात्मक सोच र व्यवहार परिवर्तनका लागि लैंगिक हिंसा, बोक्सीको आरोप, छाउपडी जस्ता सामाजिक कुरीति विरुद्धको अभियान सञ्चालन गरिएको।

३८) समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सहायता सामाग्री, सम्मानपूर्वक जीवनयापनका लागि स्वरोजगार एवं आयआर्जनका कार्यक्रमहरू सञ्चालन गरिएको।

३९) न्यून आय भएका, श्रम गर्न नसक्ने अशक्त र असहाय, एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने नागरिकहरूलाई विशेष प्राथमिकता दिँदै उद्धार, राहत एवं पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिएको।

४०) ज्येष्ठ नागरिकको सम्मान तथा अन्तरपुस्ता ज्ञान पुस्तान्तरण कार्यक्रम, आत्महत्या न्यूनीकरणको लागि सचेतना कार्यक्रम, एकल महिला नेतृत्व क्षमता विकास तालिम सञ्चालन, मिडियासँग सामाजिक विकास कार्यक्रम लगाएतका कार्यक्रम सञ्चालन गरिएको।

आर्थिक वर्ष २०८१/०८२ मा सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयले सेवालाई सरलीकरण र सहज बनाउने उद्देश्यले कार्यक्रम प्रविष्टी तथा कार्यान्वयन गर्न मातहतका जिल्लास्थित कार्यालयहरूलाई मुख्य जिम्मेवार बनाई बजेट विनियोजन गरिएको।

## मानननीय मन्त्री विन्दु कुमार थापाज्यूको पद वहाली पश्चात हालसम्म (१०० दिन) समाजिक विकास तथा स्वास्थ्य मन्त्रालय (स्वास्थ्य तर्फ) बाट सम्पादित मुख्य मुख्य कार्यक्रमहरुको उपलब्धी विवरणः

१) आकस्मिक सेवा व्यवस्थापनलाई व्यवस्थित बनाउन निःशुल्क सम्पर्क गर्न सकिने १०२ नम्बरको हटलाइन सेवा सहित प्रादेशिक एम्बुलेन्स प्रेषण केन्द्रको सेवालाई थप व्यवस्थित गरिएको।

२) क्यान्सर उपचार सहायता कार्यक्रम अन्तर्गत नेपाल सरकारबाट उपलब्ध हुने सहायता रकमका अलावा गण्डकी प्रदेश सरकारका तर्फबाट थप रू. १ लाख बराबरको उपचार गराउने गरी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, बि. पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवन,  पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुर, भक्तपुर क्यान्सर अस्पताल, भक्तपुर र निजामती कर्मचारी अस्पताल, मीनभवन, काठमाडौंसँग सम्झौता गरी कार्यक्रमको विस्तार भएकोमा वीर अस्पताल, काठमाडौंसँग नयाँ सम्झौता गरिएको।

३) गण्डकी र धौलागिरी आयुर्वेद औषधालयमा बिरामी भर्ना भई उपचार हुने व्यवस्था सहित अन्तरंग सेवाको सुरुवात गरी उक्त औषधालयहरूको स्तरोन्नतिको प्रकृया अगाडि बढाइएको।

४) बेनी, पर्वत, लमजुङ, स्याङ्जा, दमौली, गोरखा, मनाङ, मुस्ताङ र मध्यविन्दु अस्पतालमा बिहान १० देखि ५ बजेसम्म रहेकोमा बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म सेवा प्रवाह हुने गरी विस्तारित OPD सेवा कार्यक्रम सञ्चालन गरिएको।

५)	चालु आ.व. २०८१/०८२ का लागि स्वीकृत वार्षिक कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको लागि मापदण्ड तयारी गरी स्वीकृत गरिएको।

६)	गर्भवती महिलालाई स्वास्थ्य संस्थामा आउँदा वा समुदायमै महिला सामुदायिक स्वयंसेविका मार्फत विद्युतीय प्रणालीमा दर्ता गर्ने गरी पूर्ण संस्थागत सुत्केरी प्रदेश अभियान संचालनमा ल्याइएको।

७)	प्रदेशका सबै जिल्लाहरूमा पूर्ण खोप सुनिश्चचता दिगोपना कार्यक्रम गरी गण्डकी प्रदेश पूर्ण खोप सुनिश्चित भएको।

८)	क्षयरोग जस्ता विभिन्न सर्ने रोगहरू एवं उच्च रक्तचाप, मधुमेह, क्यान्सर जस्ता विभिन्न नसर्ने रोगको समुदायस्तरमा परीक्षण गरी समयमै निदान गर्ने गरी विशेष स्क्रिनिङ कार्यक्रम संचालनमा ल्याइएको।

९)	प्रदेश जनस्वास्थ्य प्रयोगशाला, कास्कीबाट बिहान ८ बजे देखि बेलुकी ५ बजेसम्म प्रयोगशाला सेवा प्रदान गरिनुका साथै Teaching Lab with 10 headed microscope, Self Service Report Vending Machine, Three-part coulter counter, Semi LBC को मिति २०८१/०३/२७ मा उद्घाटन गरी सेवा प्रवाह गरिएको। उक्त प्रयोगशालाबाट नेपालमा पहिलो पटक कुष्ठरोग प्रयोगशाला सहभागी म्यानुअल र प्रशिक्षक पुस्तिका तयार गरी सो सम्बन्धी प्रबोधीकरण गरिएको।

१०)	संक्रामक तथा सरूवा रोग अस्पताल, कास्कीमा अस्पतालजन्य संक्रमित फोहरलाई संक्रमण रहित बनाउने Shredder Sterilization Machine जडान गरी संचालनमा ल्याइएको।

११)	दमौली अस्पताल, तनहुँमा आकस्मिक कक्षमा ७ शैया थप गरी १३ शैया सञ्चालनमा ल्याइएको  र शल्यक्रिया मार्फत गरिने प्रसुति सेवाको सुरुवात गरिएको, डायलायसिस मेसिन थप गरी व्यास नगरपालिकासँगको सहकार्यमा उक्त अस्पतालको डायलायसिस सेवालाई दुम्सी बजार स्थित नगर स्वास्थ्य संस्थाबाट सञ्चालन गर्ने प्रकृया अगाडि बढाइएको।

१२)	गोरखा अस्पताल, गोरखामा आँखा उपचार सेवा र Laparoscopic सेवा (दूरबीनबाट गरिने शल्यक्रिया) को थालनी गरिएको।

१३)	स्याङ्जा अस्पताल, स्याङ्जाबाट फिजियोथेरापी सेवाको सुरुवात र PICU स्थापना गरी सञ्चालनमा ल्याइएको।

१४) स्याङ्जा अस्पताल, दमौली अस्पताल र धौलागिरी अस्पतालमा ट्रमा युनिट स्थापना गरी सञ्चालनमा ल्याइएको।

१५) लमजुङ अस्पताल, लमजुङमा जिन एक्सपर्ट मेसिन सहित सेवा विस्तार गरिएको।

१६) मातृशिशु मितेरी अस्पताल, कास्कीमा आँखा सेवा र जनरल चिकित्सा सेवा विस्तार गरिनुका साथै उक्त अस्पताल स्तरोन्नतीका लागि आवश्यक थप जग्गा व्यवस्थापनको लागि प्रकृया अगाडि बढाइएको।

१७) गोरखाको आँपपीपल अस्पताल र बागलुङको बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई प्रदेश सरकार मातहत ल्याई सञ्चालन गर्नको लागि आवश्यक चालु तथा पूँजीगत तर्फ बजेट विनियोजन गरी स्वामित्व हस्तान्तरणको प्रक्रिया अगाडि बढाइएको।

१८) अस्पतालहरूमा संचालित इलेक्ट्रोनिक मेडिकल रेकर्ड प्रणाली लगायत डिजिटल हेल्थ सम्बन्धी सबै प्रणालीहरूलाई थप व्यवस्थित गर्ने गरी १० जना सूचना प्रविधि अधिकृत सहित मन्त्रालयमा डिजिटल हेल्थ इम्प्लिमेण्टेशन युनिट (Digital Health Implementation Unit) को स्थापना गरी कार्यक्रम कार्यान्वयनमा ल्याइएको।

- स्थानीय तहका ६१४ वटा स्वास्थ्य संस्थाबाट Real Time प्रवेदन हुने गरी विद्युतीय स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (Electronic Health Management Information System: e-HMIS) कार्यान्वयनमा ल्याइएको
- सबै अस्पतालहरूमा Electronic Record Record-EMR System लागू गरिएको।
- स्थानीय तहसँगको समन्वयमा ७० पालिकाको Family Health Profile थप व्यवस्थित गरिएको।
- विद्युतीय आपूर्ति व्यवस्थापन सूचना प्रणाली (Electronic Logistics Management Information System: e-LMIS) लाई ६०१ स्वास्थ्य संस्थामा विस्तार गरिएको।

- प्रदेशभर महामारी निगरानी गर्ने प्रयोजनार्थ घटनामा आधारित स्वास्थ्य क्षेत्रसँग सम्बन्धित प्रकोपको तत्काल Real Time प्रतिवेदन हुने गरी लागू भएको सर्भिलेन्स आउटब्रेक रेस्पोन्स म्यानेजमेन्ट एण्ड एनालाइसिस प्रणाली (SORMAS) लाई थप व्यवस्थित गरी कार्यान्वयनमा ल्याइएको।
- डायलाइसिस सेवाको Real Time Data Management गरिएको।
- गर्भवति महिलाको स्वास्थ्य अवस्थाको पूर्ण जानकारी लिने गरी Tracking System को विकास गरी कार्य सम्पादन भइरहेको।

१९) मध्यविन्दु जिल्ला अस्पतालमा ECHO सेवाको सुरुवात गरिएको र अस्पताललाई ५० शैयामा स्तरोन्नती गर्न मन्त्रिपरिषदबाट निर्णय गरि आवश्यक जग्गाको भोगाधिकारको लागि नेपाल सरकार समक्ष अनुरोध गरि पठाइएको।

२०) हाल १५ शैयामा सञ्चालित अस्पतालहरूलाई कम्तिमा पनि ५० शैयामा स्तरोन्नति गर्ने नीतिगत निर्णय भएको र १५ शैयाको स्वीकृत भई ५० शैया भन्दा बढि क्षमतामा सञ्चालन भइरहेका अस्पतालहरूको लागि निरन्तर स्वास्थ्य सेवाका अलावा विशेषज्ञ सेवा प्रवाहमा रहेका १७० जनशक्तिबाट ४३० जना जनशक्तिको व्यवस्थापन गरी सेवा प्रवाह गरिएको।

२१) गण्डकी प्रदेश सरकार मातहतका अस्पतालहरूमा डायलाइसिस सेवा लिइराखेका बिरामीहरूको चापलाई मध्यनजर गर्दै शिफ्ट थप गरी बिरामीहरूलाई उक्त सेवा प्रदान गरिएको र संक्रामक तथा सरूवा रोग अस्पताल, कास्कीमा आवश्यक जनशक्ति, औजार उपकरण र भौतिक पूर्वाधारको थप व्यवस्थापन गरी २५ शैय्या क्षमतामा स्थापित डायलाइसिस केन्द्र संचालन कार्यलाई थप व्यवस्थित गरिएको।

२२) स्थानीय तहसँगको समन्वय र सहयोगमा गण्डकी प्रदेशका विभिन्न जिल्लामा देखा परेको डेंगी रोगको प्रकोप नियन्त्रण एवं व्यवस्थापनको लागि आपतकालिन प्रतिकार्य टिम (RRT) लगायतका स्वास्थ्य प्राविधिक टोली खटाई लामखुट्टेको बासस्थान "खोज र नष्ट गर" अभियानलाई थप व्यवस्थित बनाई समुदायस्तरमा कार्यक्रम संचालन गरिएको।

२३) धौलागिरी आयुर्वेद औषधालय, बाग्लुङमा क्षारसुत्र र अकुपञ्चर सेवा सुरुवात गरिएको र गोरखा अस्पतालमा आयुर्वेद सेवा समेत सुचारु गरिएको।

२४) आयुर्वेद स्वास्थ्य संस्थाहरूको विस्तारित एवं विशेषज्ञ सेवाहरूको सेवा शुल्क निर्धारण गरिएको।

२५) जिल्ला प्रशासन कार्यालय, कास्कीमा ज्येष्ठ नागरिक विश्राम कक्ष/स्वास्थ्य सहायता केन्द्र सञ्चालनमा ल्याइएको।

२६) स्वास्थ्य तालिम केन्द्रको सभाहल निर्माण सम्पन्न भई प्रयोगमा ल्याइएको साथै गोरखा अस्पताल र संक्रामक तथा सरूवा रोग अस्पतालमा लिफ्ट जडान गरी सञ्चालनमा ल्याइएको।

२७) गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेज्यूको प्रमुख आतिथ्यतामा स्थानिय तहका प्रमुख/अध्यक्ष/उपप्रमुख/उपाध्यक्ष/प्रमुख प्रशासकिय अधिकृतहरू एवं अन्य सरोकारवाला व्यक्तिहरूको सहभागितामा "गण्डकी प्रदेशका स्थानीय तहहरू बीच नवप्रवर्तनात्मक स्वास्थ्य कार्यक्रम सम्वन्धी अन्तरक्रिया कार्यक्रम" सञ्चालन गरी योजना तर्जुमा कार्यमा प्रत्यक्ष सहयोग पुर्‍याएको।

२८) स्वीकृत कार्यविधि बमोजिम रगत तथा रगतजन्य सेवा निःशुल्क कार्यक्रमलाई निरन्तरता दिइएको।